सहीत लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

## पेन्सन पट्टा हराएको सुचना

नाम - मोहन बहादुर बुढाथोकी
जिल्ला उदयपुर, ताप्ली गाउपालिका वडा न - ५ रुपाटार
निब्रुत पेशा शिक्षक पेशा
पट्टा न २००५६७४

■ बर्ष-१५, ▶▶ अंक ३९७ भदौ ९ बुधबार,२०७८, August– 25 Wednesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/-www.majhkharka.com

# गाईघाटमा साढे तिन किलोमिटर सडक कालोपत्रे बन्दै

❖ बुद्धि कुमार राई

*गाईघाट, भदौ ८*

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा साढे तिन किलोमिटर सडक कालोपत्रे हुने भएको छ।

त्रियुगा नगरपालिकाको वडा नम्बर ११ गाईघाटको पिपलचोकदेखि शिबालयटोल, ढिम्की, सिमलटार हुँदै गाईघाट दित्तेल सगरमाथा लोकमार्गसम्मको बरुवा खोलाम पुलसम्म २५ सय मिटर सडक कालोपत्रे हुनेभएको हो। त्रियुगा नगरपालिको सो सडक कालोपत्रे बनाउनको लागि ७६ लाख ९४ हजार ५ सय ९६ रुपैयामा टेण्डर लगाएको छ।



कालोपत्रे बन्न लागेको त्रिनपा १० बोक्सेस्थित राधाकृष्ण मन्दिर अगाडीको सडक

२०७८ साल असार २५ गते त्रियुगा नगरपालिकाले सो तिन वटा सडक निर्माणको लागि टेण्डर आब्हान गरेको थियो। पिपलचोकदेखि सिमलटारसम्म दुई किलोमिटर ५ सय मिटर बन्ने कालोपत्रे सडकको चौडाई ५ मिटर रहने नगरपालिकाले जनाएको छ। अहिले त्रियुगा नगरपालिकामा सो सडक निर्माणको लागि निर्माण व्याबशायीहरुले ठेक्का लगाईरहेका छन्।

त्यस्तै त्रिनपाको वडा नम्बर १० बोक्सेको राधाकृष्ण मन्दिरदेखि जिल्ला प्रहरि कार्यालय उदयपुरको परिसर हुँदै जिल्ला अस्पताल जाने सडकसम्म कालोपत्रे हुने भएको हो। यो सडक कालोपत्रे बनाउनको लागि ३९ लाख ८८ हजार ५ सय ९५ रुपैयामा त्रियुगा नगरपालिकाले ठेक्का लगाएको छ।

चार सय ६९ मिटर सडक कालोपत्रे हुन लागेको हो। ६ मिटर चौडाई रहेको उक्त सडकको राधाकृष्ण मन्दिरदेखि कालोपत्रे - *बाँकी ३ पेजमा*

# कृषिले स्थानिय तहको बजेटबारेसार्वजनिकीकरण

❖ बेद कुमारी बान्तवा राई

*गाईघाट, भदौ ८*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यनवयन ईकाइ (कृषी स्रोत) उदयपुरले आयोजना गरेको २०७८ साल ५ महिना ८ गत्तेका दिन बार्षिक कार्यक्रम सार्वजानिकीकरण गाष्ठि मंगलबार जिल्ला समवनय समिती सभा हल बोक्सेमा सम्पन्न गरेको छ। कृषि स्रोतका प्रमुख रामसृवाह साहं र कृषक केन्द्रका निमीत्त प्रमुख महेश कृमार चौधरी लगाएत नगरप्रमृख,उपप्रपमृख,सचिव,कृषक र पत्रकारहरुको उपस्थीतीमा यस कार्यक्रम सम्पन्न भएको हो। यस आर्थिक बर्ष सम्बन्धी कार्यक्रम र स्थानीय तहको बजेटको कृरालाई सार्वजनिकीकरण गर्ने मृख्य उदेश्य लिएर आयोजना गरिएको हो। कृषि जोनका प्रमृख सांहका अनृसार त्रियृगा नगरपालिका मा २०७७ देखि ७८ मा स्थापना भएका कृषित र्फका साना व्यावसायीलाई कृषि उत्पादन केन्द्रले १२ लाख,बंगृर साना व्यावसायमा ६ लाख,माछा साना व्यावसायमा ८ लाख,अदृवा,बेसार साना व्यावसायमा १२ लाख गरी जम्मा ३८ लाखको बजेटमा त्रियृगा नगरपालिकाको पकेट अन्तर्गत खर्च गरेको बताए। त्यस्तै बेलका नगरपालिकामा कृषि तथा सान व्यावसायमा १२ लख,माछा साना व्यावसाय ७ लाख, आलृ बालीको साना व्यावसायमा १२ लाख,बाखाको साना व्यावसायमा १५ र अन्य व्यावसायमा ८ लाख गरी जम्मा ५४ लाखको बजेटमा गरिएको छ। कार्यक्रममा जिल्ला सन्वय समितीका उपप्रमृख गंगा र प्रमृख, ताप्ली गाउपालिका का अध्यक्ष उधवसिग थापा, ,चौदण्डीगढी नगरपालीका का मेयर खगेन्द्र राई,रौतामाई गाउपालिकाका अध्यक्ष गजेन्द्र खडका ले सफलताको शृभकामनाका मन्तव्य व्याक्त गरेका छन्।

# उदयपुरमा यति धेरै सुन बिक्रि

❖ भाबना बान्तवा राई

*उदयपुर, भदौ ८*

उदयपुर जिल्लामा जम्मा १०३ वटा सुन चादि पसल दर्तामा छन्। क्टारीमा १६ वटा , बेल्टारमा १० वटा र बाकि गाईघाटमा छन्। त्रियुगा नगरपालिका , मुर्कुची बजार , नेपालटारलाई गाईघाटमा नै समेटेको छ। सुन चादि व्याबसाय संघ उदयपुरको अध्यक्ष गजेन्द्र बराइली हुन्। उदयपुरमा सुनचादि व्यावसायको स्थापना २०६२ मा भएको हो।

पहिले नेपालमा सुनचादि व्याबसाय महासंघ नभएको अवस्थमा ,जब नेपालमा सुनचादि व्यावसाय महासंघको दर्ता भयो त्यसपछि उदयपुर जिल्ला शाखादेखि केन्द भएको हो। महासंघमा आबद्ध भएपछि पहिलो अध्यक्ष रमेश प्रसाइ , दोसो चन्द प्रसाद चौधरी र तेस्रो गजेन्द्र प्रसाइन हुन्। सुनचादि राष्टिय बाणिज्य बैक र अन्य बैकबाट सुनचादि पसलमा ल्याउने गरेको बराइलीले बताए। बैकले महासंघको सिफारिसमा मात्र सुनचादि दिने कोहि ब्यापारी



अध्यक्ष - गजेन्द्र बराईली

महासंघको सिफारिस बिना आयो भने उसलाई दिदैन। जिल्ला संघले महासंघलाई सिफारिस गर्ने , महासंघले सिफारिसलाई बैंक मार्फत पठाउने गर्दछ।

काठमाण्डौबाट सुनचादी ल्याउने गरेको बराईले बताए। सुनचादी महिनामा ४ केजी आउथियो भने अहिले कोरोनाको कारणले ३ केजीमात्र आउने गर्दछ। एक हप्तामा १ केजी सुन ल्याएर व्यापारिहरुले भाग बाडने गरेको बराइलीले बताए। माहासंघले सिफारीस पालैपालो व्यपारीहरुलाई दिन्छन्। जुन बैंकमा पर्छ त्यो बैंकबाट




बाडेर आप्नो लगानी लगाएर जिल्लामा सदस्यलाई हजार ग्राममा सयँ ग्राम जस्को नाममा सिफारीस छ उस्ले राख्न पाउछ बाँकी ८ सयँ ग्रामअरु ईच्छुक सदस्यले बाढछन् ।उदयपुरमा सिजनको समयमा एक हप्तामा डेड केजी सुन बिक्री हुन्छभने मासिक रुपमा ७ केजी बिक्री हुन्छ।

काच्चा पदार्थ कम भएका कारण ग्राहकलाई चाहेजती सुबिधाहरु दिन नसकेको बराईले बताए। हाल गाईघाट बजारमा छापावाला सुनको भाउ ९६ हजार १ सयँ र तेजाबी सनको भाउ ९१ हजार ८ सय रहेको छ।






यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ।
उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर।
प्रोपाइटर - सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।

## सम्पादकीय

# मालपोत र नापी सजग बन

उदयपुर जिल्लाको सरकारी कार्यालयहरुमा सबै भन्दा धेरै गुनासो आएका दुई निकाय हो मालपोत कार्यालय र नापी कार्यालय । यि दुई कार्यालय दुबै जग्गा र पैसासँग जोडिएको निकाय भएकाले पनि यस कार्यालयको कार्यालय प्रमुख बिबादमा मुछिएका छन् । उदयपुर जिल्लाका यि दुवै कार्यालय प्रमुखहरु सचेत बनेर काम गर्न जरुरी छ । एउटा साधरण सेवाग्राही मालपोत या नापीमा आफ्नो काम लिएर जाँदा कति समयमा काम हुन्छ भन्ने कुरा कार्यालय प्रमुखले चित्तबुझ्दो जवाफ दिनुपर्दछ ।

मालपोत अधिकृत नवराज खड्काको भनाई सुन्ने हो भने कार्यालय अगाडि सयौंको मात्रामा लेखापढी व्यावशायी आवश्यक छैन । त्यसो हो भने मालपोत कार्यालयमा आउने सेवाग्राहीहरुले कसरी सेवा लिने यो बारेमा कार्यालय प्रमुख प्रष्ट हुनुपर्यो । जग्गाको कारोबारको बिषयलाई लिएर सेवा लिन आउेन नापी कार्यालयका प्रमुख होस या मालपोत कार्यालयका प्रमुखले सेवा दिन सक्नुपर्दछ । जग्गा र पैसाको विषयमा लेखापढी व्यावशायीहरुले भने बमोजिम पैसा तिरेर सेवा लिनुपर्दछ भने जनताको करबाट तलब सुविधा लिएर बसेका मालेपोत र नापीको कर्मचारीको काम चाहि के हा ? करौडौंको जग्गाको मुल्यमा मालपोत कार्यालय अगाडी बसेका लेखापढी व्यावशायीहरुले छिटो सजिलो तरिकाले काम गरिदिन्छु भनेर सेवा लिने दुबै जनालाई कारबाही हुनुपर्दछ ।मालपोत र नापी कार्यालय भित्र पसेर जसरी लेखापढी व्यावशायीहरुले जुन हर्कत गरिरहेका छन् ति कुनै पनि कार्य सहय र पार्दर्शी हुनेवाला छैन । जति बेला पनि कार्यालय प्रमुख छानबिनमा पर्न सक्नेछन् । लेखापढी व्यावशायीहरुले सेवाग्राहीसँग काम गरेबापत पैसा असुल गरेर ति व्याक्तिहरुले कार्यालय परिसर भित्र छिरेर क्रमभङ्ग उछिनेर कर्मचारीलाई काम छिटो गर्न लगाउने कार्य कदापी न्यायचित हुनेवाला छैन । नापीका अमिनीहरुको काम के हो ? नापीका अमिनीहरुले अन्य सेवा बिना काम गर्न नचाहानु कहाँसम्मको न्यायोचित हो नापी प्रमुखले यसको जवाफ दिनुपर्दछ । नापी र मालपोत कार्यालय प्रमुख सधैं जहिले पनि सजग बनेर काम गर्न जरुरी छ । करोडौ, लाखौं रकमको जग्गाको मुल्य काममा हजारौ रकम लिएर सेवा छिटो गरिदिन्छु भन्नु र गर्नु कहाँ सम्मको सहि हो । अब यि दुवै निकाय छानबिन, खोजी, अनुसन्धानमा पर्दैछन् । नीति नियम अनुसार काम गरेर राष्ट्रको सेवा गर्ने कर्मचारीले टाठा बाठाको पैसा दिनेको काम गर्ने कर्मचारी भएर चर्चा कमाउने हो भने त्यो कार्य उदयपुरमा लागु हुनेछैन ।

अन्य ठाउँमा पनि त्यस्तो कार्यलाई श्रय दिने काम हुनु हुँदैन । सेवा लिन आएका सेवाग्राहीहरुलाई सहज हुने काम गरेर कार्यालय प्रमुखहरुले फिर्ता गराउनु पर्दछ । कार्यालय प्रमुख भनेको कार्यालय भित्र बसेर आएको कागजमा दस्तखत गर्ने काम मात्र होइन । नापी र मालपोत कार्यालयका कार्यालय प्रमुखहरुले कहिले काहि सेवाग्राहीसँग गुनासो उनीहरुको कुरा सुनेका छन् त ? हो कार्यालय प्रमुख हो भने सुन्नुपर्दछ । पैसा नहुने, नतिर्नेहरुको पनि छिटो काम हुनुपर्दछ । यो काम उदयपुरमा लागु हुनुपर्दछ ।

## गाईघाट बजारको खुद्रा तरकारी भाउ ।

| | |
|---|---|
| १, आलु रु ४० | १६, धनियाँ रु ८० |
| २, अदुवा रु १६० | १७, लोकल बोडी रु ८० |
| ३, टमाटर रु ६० | १८, खर्बुजा रु ४० |
| ४, बन्दा रु ६० | १९, रायो साग रु १०० |
| ५, भेन्टा रु ८० | २०, लट्टे साग रु ६० |
| ६, खुर्सानी रु २०० | २१, प्याज रु ७० |
| ७, मुला रु ६० | २२, निगुरो रु २५ |
| ८, पर्बल रु १०० | २३ दुध रु. ७० |
| ९, तितेकरेला रु ६० | २४, दही रु ९० |
| १०, भिन्डी रु ८० | २५, मोही रु ५० |
| ११, च्याउ रु २४० | २६, घ्यु रु ७०० |
| १२, काउली रु १६० | २७, राँगाको मासु रु ४०० |
| १३, पर्सी रु ५० | २८, बंगुरको मासु रु ४०० |
| १४, कटहर रु ४० | २९, खसीको मासु रु १,००० |
| १५, काँक्रा रु ७० | |

# उदयपुरगढीमा माओबादी मजदुर संगठन

❖ मुलुकी संवाद्दाता

*गाईघाट, भदौ ८*

उदयपुरमाओबादी मजदुर पार्टी (मामपा) ले उदयपुरगढीमा संगठन विस्तार गरेको छ । सोमबार उदयपुरगढी ७ विरालीटारमा आयोजित पार्टीको भेलाले ९ सदस्यीय इकाइ कमिटी गठन गरेको हो ।

पार्टी महासचिव हिमालसिंह राईको उपस्थितिमा भएको भेलाले काशी राईको अध्यक्षतामा कमिटी गठन भएको हो ।




कमिटीको उपाध्यक्षमा नैना राई, कोषाध्यक्ष अम्रिता राई र सचिव कमला राई र सहसचिवमा निर्मला बिसंखे छनौट भएका छन् । तयस्तै सदस्यमा पदमसरी राई, शोभा राई, मित्रकुमारी राई र अस्मीता राई छानिएका छन् । भेलामा महासचिव राईले माओबादी मजदुर पार्टी देश र जनताप्रति प्रतिबद्ध रहेर मजदुर र किसानको हक अधिकारमा केन्द्रित हुँदै अघि बढेको बताए । उनले पार्टी विधान र सिद्धान्तमा आधारित भएर काम गर्न नवगठित कमिटीका सबै पदाधिकारीलाई निर्देशन दिएको बताइएको छ । पार्टीले यसअघि प्रस्तावित अमेरिकन सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन ( एमसीसी) लागू नगर्न सरकारको ध्यानाकर्षण गराउँदै खवरदारी आन्दोलन चलाएको थियो । त्यसका लागि ३ साताअघि गाईघाटमा विरोध कार्यक्रम गर्दै पार्टीले एमसीसी परियोजना प्रस्ताव तत्काल खारेज गर्न सरकारलाई आग्रह गरेको थियो ।

## समुह भित्र काठ दाउरा बिक्रि सम्बन्धि सुचना

तपसिलमा उल्लेखित समुहले उत्पादन गरी घाटगढी गरेका निम्न परिमाण काठ समुह भित्रका उपभोक्ताहरुलाई पहिलो प्राथामिकता हुने गरी समुहको नियम अनुसार आन्तरिक रुपमा बिक्रि गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र रु १० को टिकट टाँस गरी यस साबउसको कार्यालयमा निबेदन पेस गर्नुहुन सुचित गरिन्छ । विस्तुत विबरण समुहको कार्यालबाट प्राप्त गर्न सकिने छ ।

| क्र.स. | समुहको नाम | काठको परिमाण (क्युफि) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | लट नम्बर | जात | थान | परिमाण | |
| १ | सिता साबउस उदयपुरगढी ६ उदयपुर | १,२,३,४,८ | साल गोलिया तथा बलाबल्ली | ४१३ | ३०५३.क्युफी | |
| २ | मौवासी साबउस उदयपुरगढी ५ उदयपुर | १ देखि ११ सम्म | साल तथा अन्य जातका गोलाई | ३७८ | ४८४८.७२ क्युफी | |



## राष्ट्रिय......

पटक राष्ट्रिय टोलीको अन्तिम छनौटमा ठाउँ बनाएका हुन् । यता अखिल नेपाल फुटबल संघ (एन्फा) ले सी डिभिजन छनौट खेलको पुनः तालिका निकालेको छ। सुरुमा देशैभरबाट ७९ क्लबले छनौटको लागि नाम दर्ता गर ाएपनि काठमाडौं युनाइटेड क्लबले कोरोनाको कारण देखाउँदै नाम फिर्ता लिएको थियो र त्यसपछि ७८ क्लबलाई तीनतीन क्लब र हनेगरि २६ क्लबमा भाग लगाइ छनौट खेलाउने तालिका थियो। तर करिब दुई महिना छनौट चल्ने अनि मोफसलका क्लबहरुलाई काठमाडौं बसाइँ महँगो पर्ने कुर ा उठेकोमा समय नछोटिए पनि एन्फाले पुनः अर्को तालिका निकालेको हो। सी डिभिनज छनौट यहि भदौ १० बाट सुरु हुँदैछ । उता आयोजक रुस ११ औं फिफा बिच् सकर विश्वकपमा समुह चरण पार गर्न सफल भएको छ । सोमबार अबेर राति सम्पन्न समुह चरणको अन्तिम खेलमा यसअघि नै नकआउट चरण पुगिसकेको जापानलाई ७-१ ले हराउँदै रुस फुटबल युनियन पनि नकआउट पुग्न सफल भयो ।

## गाईघाट......

हुने भएको छ । यस अघि कालोपत्रे गरिसकेको हिमशिखर सप्लायर्स हुँदै श्रमिकपार्क गेट राधाकृष्ण मन्दिरसम्म खाल्डो भएको ठाउँमा मर्मत सम्भार गरिनेछ । ती बाहेक त्रियुगा नगरपालिकाको वडा नम्बर १२ डियमगेटदेखि लक्ष्मीपुर जाने सडक अर्न्तगत पुरानो गाइघाटको फुलचोक, बरपिपल मन्दिरसम्म कालोपत्रे हुदैछ ।

स्थान हेरी ७ मिटर कतै ६ मिटर चौडाई रहने उक्त सडक डिएमगेट देखि सुरु हुने सो सडक दाजुभाई होटलदेखि यो पटक कालोपत्रे हुनेछ। उक्त सडकमा ६ सय मिटर कालोपत्रे हुने भएको हो । नगरपालिकाले सो सडक कालोपत्रे बनाउनको लागि ५३ लाख ४२ हजार १ सय ४९ रुपैयामा टेण्डर आव्हान गरेको छ ।

आर्थिक बर्ष २०७८/०७९ मा सम्पन्न भईसक्ने यो कालोपत्रे सडक निर्माणको लागि त्रियुगा नगरपालिकाको ५ जना कर्मचारीको समिति बनाई मुल्याङ्कन समिति बनाएको छ । त्रियुगा नगरपालिकाको इन्जिनियर गोपाल रायको संयोजकत्वमा लेखा अधिकृत बिनया बस्नेत, जिन्सी शाखा प्रमुख बेदनाथ ढुङ्गाना, लेखा शाखाका बाबुराजा प्रजापति र इन्जिनियर निर्मल कुमार चौधरीको समुहले ठेक्का मुल्याङ्कन गर्नेछन् । उक्त समितिले सबै भन्दा न्युन रकममका काम गर्न चाहाने निर्माण कम्पनीलाई सो समितिले अध्ययन गरी काम ठेक्का लगाउनेछ।













# घाँस काट्न पनि नपाईने ?

❖ मुलुकी संवाद्दाता

***उदयपुर, भदौ ८***

घाँस काट्न गएका स्थानीयलाई डिउटीमा खटिएको सेनाबाट कुटपिट भएको भन्दै स्थानीयले विरोध जनाएका छन् ।

उदयपुरको त्रियुगा नगरपालिका ३ भुल्केका स्थानीयबासीले गाउँ नजिकैको रहेको १८ नं. वाहिनीको गेटमा आज बेलुका धर्ना दिदै विरोध जनाएका हुन् ।

भुल्केको स्थानीय आज घाँसकाट्न गएको अवस्थामा कुटपिट भएको स्थानीयको भनाइ छ । स्थानीय ४० वर्षिय पुरुष मोहम्मदमाथि कुटपिट गरी घाइते बनाएको र अन्य केही महिलाहरुमाथिसमेत हातपात भएको आरोप स्थानीयले लगाएका छन् ।

वाहिनीले भने जबरजस्ती सेनाको सुरक्षाघेराभित्र केही स्थानीय घाँस काट्न पसेपछि सम्झाइबुझाइ पठाउन खोज्दा अटेर गरेको र सामान्य बल प्रयोग गर्नु परेको जनाएको छ।

त्यस क्रममा कसैमाथि कुटपिट भने नभएको जनाएको छ । विहिनीपति मधुकर कार्कीले सेनाको सुरक्षा घेराभित्र पस्न संवेदनशील कुरा भएकाले सम्झाइ बुझाइ पठाउने काम भएको बताउनुभयो ।यसैबीच बाहिनी र स्थानीयबीच घटनाबारे भोली छलफल हुने सहमति भएको जनाइएको छ । सहमतिपछि स्थानीयबासीहरु घर फर्केका छन् ।




# राष्ट्रिय फुटबलको महिला, पुरुष टोली टुङ्गो लाग्यो

❖ बिबेक राई

***उदयपुर, भदौ ८***

नेपाली राष्ट्रिय फुटबल टोलीमा महिला र पुरुष दुवैको मंगलबार टुंगो लागेको छ । दुवै टोलीका लागि सम्बन्धित मुख्य प्रशिक्षकले आ-आफ्नो अन्तिम छनौट सार्वजनिक गरेपछि दुवै टोलीको अन्तिम टुंगो लागेको हो ।नेपाली महिला फुटबल टोलीका मुख्य प्रशिक्षक ग्यारी फिलिप्सले आउँदो एएफसी महिला एशियन कप छनौटको लागि अन्तिम २३ जना खेलाडीको टुंगो लगाएका हुन् । यसअघि अष्ट्रेलियाली प्रशिक्षक फिलिप्सले सुरुमा देशैभर बाट ४५ जनाको प्रारम्भिक टोलीलाई बोलाएका थिए ।

अन्ततः उनले बन्द प्रशिक्षणबाट खेलाडी घटाउँदै घटाउँदै २३ जनाको अन्तिम टोली घोषणा गरेका छन् । नेपालले यहि सेप्टेम्बर १८ बाट तटस्थ मैदान उज्वेकिस्तानमा छनौट खेल खेल्दैछ । छनौटको समुह एफ मा नेपालसँगै फिलिपिन्स र हङकङ पनि छन् । नेपालभन्दा अरु दुई टोली बलियो रहेको समुहको समुह विजेताले छनौट भइ २०२२ जनवरी २० देखि भारतमा हुने २० औं एएफसी महिला एशियन कपमा भाग लिन् पाउने छ । यहि छनौटको लागि प्रशिक्षक फिलिप्सले मंगलबार २८ बाट पाँच खेलाडी घटाएका हुन् ।

अमिषा कार्की, अञ्जली वाइबा, हिमा चौधरी, मनिषा र ाउत र शर्मिला थापा टोलीबाट बाहिरिएका हुन् । निशा थोकर, सविता राना मगर, प्रिती राई, सृजना ठकुरी, रश्मि घिसिङ र र जनी थोकरले पहिलोपटक महिला राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भए । गोलरक्षकमा अञ्जना राना मगर, अञ्जली तुम्बाप्पो लिम्बू र उषा नाथ परेकी छन् । त्यसबाहेक अन्य खेलाडीमा अमृता जैशी, अनिता बस्नेत, अनिता केसी, विमला चौधरी, दिपा राई, गिता राना, हिराकुमारी भुजेल, इन्दिरा राई र मञ्जली योञ्जन तामाङ छन् ।
त्यस्तै पुजा राना, पुनम जर्घा मगर , रेणुका नगरकोटी, सरु लिम्बू र घाइते भइ उपचाररत सावित्रा भण्डारी पनि टोलीमा परेका छन् । पुरुष टोलीको लागि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले चाँहि आउँदो भारतसँगको मैत्रीपूर्ण खेल र साफ च्याम्पियनसिपको लागि २५ जनाको टोली छनौट गरेका छन् । टोली बन्द प्रशिक्षणको लागि पोखरामा रहेकै बेला क्वेती प्रशिक्षक अल्मुताइरीले शिशिर लेखी, अभिषेक रिजाल र गोलर क्षक अर्पण कार्कीलाई टोलीबाट बाहिर राखेका छन् ।
उनले टोलीमा किरण लिम्बू, दिप कार्की, विशाल श्रेष्ठ र विकेश कुथु गरि चारजना त गोलर क्षकमात्र राखेका छन् । त्यस्तै आशिष लामा, अनन्त तामाङ, अञ्जन विष्ट, आयुष घलान, विशाल राई, दिनेश राजवंशी, गौतम श्रेष्ठ, कमल थापा, मनिष डाँगी, नवयुग श्रेष्ठ, नितिन थापा, पुजन उपरकोटी, राजन गुरुङ र रोहित चन्द पनि टोलीमा छन् । सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुमन अर्याल, सुमन लामा, सुनिल बल, सुरज ज्यू ठकुरी र तेज तामाङ पनि टोलीमा परेका छन् ।
यसमध्ये घाईते सुजलको टोलीमा पुनरागमन हुँदा राजन र नितिनले पहिलो - ***बाँकी ३ पेजमा***







माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट